नेपाल सरकार

# गृह मन्त्रालय

(..................................शाखा)

पत्र संख्या :-

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः ०७२।०१।१२

विषय :- **प्रेस विज्ञप्ती**

आज मिति २०७२ साल वैशाख १२ गते ११.५६ वजे गोरखा जिल्लाको वारपाकलाई केन्द्र विन्दु वनाई ७.६ रेक्टर स्केलको भुकम्प जादाँ मुलुकभरको अधिकांश भागमा प्रभाव पर्न गई जनजीवन अस्तव्यस्त हुन पुगेको छ । मुलुकभरमा ठूलो जनधनको क्षति भएको प्रारम्भिक विवरणहरु प्राप्त हुने क्रम जारी रहेको छ ।

घटनाको जानकारी हुनासाथ केन्द्रीय दैंवी प्रकोप उद्धार समितिको वैठक तत्काल बसी दैवी प्रकोप उद्धार ऐन, २०३९ को दफा ३ बमोजिम मुलुकभरका अति प्रभावित १० जिल्लामा १ महिनाको लागि संकट ग्रस्त क्षेत्र घोषणा गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने, उद्धार समन्वय केन्द्र स्थापना गरी खोज उद्धार र राहत कार्यलाई तीव्र बनाउने, केन्द्रीय कमाण्डपोष्ट खडा गर्ने, सरकारी तथा गैरसरकारी क्षेत्रबीच समन्वय कायम गरी उद्धार र राहत कार्यमा संलग्न हुने, अन्तर्राष्ट्रिय सहायताकालागि आव्हान गर्ने लगायतका महत्वपूर्ण निर्णय गरिएअनुसार सरकारी निकाय, रेडक्रस, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरु एवं दातृनिकायहरु र स्थानीय समुदायहरु खोज उद्धार तथा राहत कार्यमा जुटि सकेका छन् ।

प्राप्त पछिल्लो जानकारी अनुसार काठमाण्डौ-१८१, सिन्धुपाल्चोक-१५०, भक्तपुर-१४४ ललितपुर-६६, रसुवा-७०, नुवाकोट-५५, काभ्रेपलाञ्चोक-३६, दोलखा-२८, गोरखा-२५, मकवानपुर-६, सुनसरी-७, सोलुखुम्बु-२, झापा-२, रामेछाप-१७, धादिङ-९, कास्की-२, रोल्पा-१, ओखलढुङ्गा-७, भोजपुर-२, तनहूँ-१, सिन्धुली-५, रुकुम-१, बारा-२, अछाम-१ जना गरी जम्मा ८२० जनाको मृत्यु भई सकेको छ । हजारौको संख्यामा घाइते भएका र ठुलोमात्रामा धन सम्पत्तिको क्षति भएको छ । घाइतेहरुको उपचार विभिन्न अस्पताल र स्वास्थ्य केन्द्रहरुमा भैरहेको छ ।

भुकम्पको मूल धक्का पछाडि पनि थुप्रै सानातिना धक्काहरु आउने क्रम जारी रहेको हुनाले सोबाट नआत्तिनु हुन र उद्धार गर्नुपर्ने कुनै पनि घटनाको सूचना प्राप्त भएमा तत्काल नजिकको सुरक्षा निकायको टेलिफोन नं. १०० वा राष्ट्रिय आपतकालिन कार्य संचालन केन्द्रको टेलिफोन नं.४२००२५८, ४२००१०५ र ४२००२०३ मा खबर गर्नु हुन गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

दैवी विपत्ती घटनामा परी मृत्यु हुनुभएका मृतकहरुको आत्माको चीर शान्तिको कामनाका साथै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना र घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना मन्त्रालय गर्दछ । दुःखद यस घडीमा धैर्य धारण गर्न र खोज, उद्धार र राहत कार्यमा सम्पूर्ण सरकारी निकायहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्थाहरु, दातृ निकायहरु एवं स्थानीय जनसमुदायहरुलाई जुटिदिन गृह मन्त्रालय हार्दिक अपिल गर्दछ ।

लक्ष्मीप्रसाद ढकाल
प्रवक्ता